# भाग ५

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालयको
सूचना

नेपाल सरकारले श्रम ऐन, २०४८ को दफा ९० को अधिकार प्रयोग गरी श्रम ऐन, २०४८ तथा श्रम नियमावली, २०५० बमोजिम नेपाल सरकारमा रहेका देहायका अधिकारहरु श्रम तथा रोजगार मन्त्रालयलाई प्रत्यायोजन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) श्रम ऐन, २०४८ को दफा १२ को उपदफा (१) र (१क), दफा २१ को उपदफा (१), (२) र (५), दफा ३६ को उपदफा (१), दफा ६४, दफा ६६, दफा ७४ को उपदफा (४) र (६), दफा ७७ को उपदफा (१) र (४), दफा ७८ को उपदफा (३), दफा ८०, दफा ८३ को उपदफा (१) र (२), दफा ८४ को उपदफा (२) र दफा ८९ को उपदफा (१) र (२) बमोजिमका अधिकार ।

(ख) श्रम नियमावली, २०५० को नियम ९ र नियम ४५ को खण्ड (छ) बमोजिमका अधिकार ।

**आज्ञाले,**
**लक्ष्मण प्रसाद मैनाली**
**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार